CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भक्त प्रल्हाद

भक्ति काव्य

पवन कुमार खनाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भक्त प्रल्हाद

भक्ति काव्य

पवन कुमार खनाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रचनाकालः– २०३८ साल
प्रकाशनकालः– भाद्र २०३८

सर्वाधिकार सुरक्षितः

मूल्य रू...........

मुद्रकः—
श्री बालकुमारी प्रिन्टिङ्ग प्रेस
वट्टु मुबहाल,
काठमाडौं, नेपाल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भूमिका

प्रस्तुत भक्तिकाव्यको थालनी हुन त २०३४ सालमा नै गरिएको थियो। त्यतिबेला १५० जति श्लोक लेखी यसै राखेको थिएँ । तर २०३८ सालमा उक्त काव्य पूरा गरूँ भन्ने उत्साह जागृत भएको हुंदा प्रस्तुत काव्य पूरा गरी प्रकाशनसम्म गरेकोछु। २,४ श्लोक लेखी कविमा दर्जा हुंला भन्ने मेरो मनसाय चांहि होइन। हरेक व्यक्तिको आ-आफ्नो बानिहुन्छ, मेरो बानिचाहिं फुर्सतमा अरुतिर नलागि मनको भावना कागजमा कोर्नु हो, चाहे त्यो शुद्ध कविता बनोस् चाहे नबनोस् । पदको संरचना र भाव लालित्यसंग मेरो कुनै प्रेम छैन । तसर्थ प्रस्तुत पुस्तक काव्यै नहोस, कवितै नहोस् ठीकैछ । जे जस्तो छ त्यही संम्झिदिनु नै बेश हुनेछ । मेरा परम पूज्य पिताजीले अनेकौं उत्कृष्ट एवं बिशाल महाकाव्यहरूको सृजनागरी आफूलाई भने महाकबिको रूपमा होइन प्रभुरामको सेवकको रुपमा चिनाउनु भयो । तसर्थ त्यस्ता गर्वरहित प्रभु रामका अनन्य भक्त मेरा पूज्य बाबाको पद पंकजमा यो पुस्तक अर्पण गर्दछु ।

श्री पं० बासुदेव भट्टराईबाट नेपालीमा अनुदित भागवत नै यसको मूल आधार हो । जहाँ योगेश्वर भगवान श्री कृष्णको भक्ति सागर छ म जस्तो अपठ संस्कृत नजान्ने मूर्खकोलागि जो उतार्ने आँट गर्नु हस्सिमात्र हुने हो । १०० भागको १ भाग मात्रै यसमा समावेश हुन सकेको छ भने पनि म सन्तुष्ट छु ।

—अस्तु—

—पवनकुमार खनाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रभु पुकार

१. अधर समिप जस्को बाँसुरी जो छ खास
सरस मधुर मिठो निस्कने जो निनाद
दुइतिर दुइ आँखा पद्मिनिका समान
नजर गर ! दयालो ! झट्ट कारुण्यधाम

२. शरीर खुलिरहेको श्यामलो वर्णमात्र
हृदयबिच झुलेकी लक्ष्मिजिको निवास
कर कमल झुलेका वंशिलाई समाई
नजर गर ! दयालो कृष्ण हे झट्ट आई

३. अलि अलि दुई गाला लाल जो देखिनेछ
शिर उपर खुलेको कल्कि त्यो के कमी छ
मणिमय मुकुटैको संझ शोभा तमाम
नजर गर ! दयालो झट्ट कारुण्यधाम

४. मधुर छ स्मित हाँसो ओठमा झल्मलाई
कर कमल हथेली जो छ रातो सुहाई
अँगुल चलिरहेछन् ब्रह्मको माधुरीमा
हृदय सहज हर्ने बाँसुरीको छ गाना

५. वरिपरि लिई साथी गाइको माझमा जो
वन वन घुमि हिड्ने पाउले टेकिएको
कमलसरि खुलेका श्यामलो पाउलाई
हृदयबिच लगाऊँ मस्त पर्दै रमाई

६. जुन चरण धरेरै मस्त आनन्द पाई
ऋषि, मुनिहरू सारा योग गर्छन् रमाई
कहन नसकिने जो पाउमा पूर्णता छ
चरण तल पुछेरै लक्ष्मीको हुन्छ बास

७. वरर वरर तातो आँसुले भक्तिबाट
सब संगिनिहरूको मानिने एक नाथ
यदुपति गर झट्टै हातले सुम्सुमाऊ
करकमल हथेली शिरमाथि लगाऊ

—पद्मा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

-पूज्य बाबामा

१. हजूरकै धर्म भएर भारी
हाँसीरहेछौं मन दङ्ग पारी
हजूरकै चिन्तनमा तमाम
हाम्रो बनोस् जीवन दीव्य ज्ञान

२. जन्मेर आएपछि मर्नु पर्ने
यो खेल यस्तै सव गर्नु पर्ने
हजूर झैं जो कि महापुरुष
यस्मा र त्यस्मा कुन हुन्छ भेद

३. उनै पियारा प्रभु रामलाई
आफ्नो बनाएर संधैं रमाई
बिताउनु भो दिन धन्य धन्य
भुलेर आफ्नो निज देह सम्म

४. आँसू चुहाएर पखालि गाला
सम्झी उनै श्यामल मूर्तिवाला
हजूरको नित्य निरन्तरैको
अटूटको ध्यान समाधि कस्तो ?

५. हजूरकै वंश लिएर प्यारो
हाम्रो भयो भाग्य बडो उज्यालो
हे पूज्य बाबा अरू के भनूँ म
समाउँछु पाउ, गरी प्रणाम

६. हजूरकै आषिशले मलाई,
सम्पूर्ण होला पछि होश आई
अरूहरूमा शिर यो झुकाई
गर्दिन कैले पनि चिन्ति हाई

७. हजूर झै मालिक मात्र पाई,
जाउँ म फेरी अरूको समाई
मेरो नहोस् हे मनमा कुभाव
प्रसन्न होस् शान्त संधै स्वभाव

—पवना—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भक्त प्रल्हाद

भक्ति काव्य

ॐ नमः भगवते वासुदेवायः

भाग १

१. ब्रह्माको वरले गर्दा मातिएको सरासर
घमण्डी भै हिँडेकोथ्यो दुष्ट ज्यादै निशाचर

२. थर्काई देवता सारा यक्ष, राक्षसलाई त
हिरण्यकशिपू लिन्थ्यो सारा प्राणीहरू वश

३. लोकपालहरू साथै सिद्ध, गन्धर्व, चारणौ
झुकाउँदै थियो त्यस्ले सारा खोसेर वैभवै

४. अगाडि पर्न नै त्यस्को नसक्दा देवताहरू
मारिन्थे युद्धमा सारा, जित्दैथ्यो त्यो सुरु सुरु

५. यस्तो किसिमले सारा लोक त्यस्ले जितेपछि
थर्कायो इन्द्रलाई नै ब्रह्माको वरले जिती

६. इन्द्रलाई हराएर दैत्य, राक्षस निर्ममी,
दीव्य उद्यानले पूर्ण स्वर्गमा बस्दथ्यो अनि

७. यता हेर्‍यो यतै राम्रो उता झन् शोभनीय भै
विश्वको सृष्टिको जस्तै सौन्दर्य प्रतिम्विवितै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८. नन्दनवनले गर्दा शोभिएको सरासर
हेर्दथ्यो, रम्दथ्यो; पापी आनन्दैले निशाचर

९। तीनै भुवनमा योटै, कूँदिएको विचित्रको
विश्वकर्माजिबाटै जो बनेको महलै थियो

१०. निवासस्थानथ्यो योटै इन्द्रको अति रम्यथ्यो
ऊ पनि त्यसले खोसी आफै बस्न सुरू गऱ्यो

११. भागामागै गराएर लोकको विजयी हुंदै
आँखैसम्म नदेखनाले हिंड्दथ्यो अति मातिंदै

१२. इन्द्रको महलमा खास मूंगाका सिंढीले गरी
ज्यादै सुन्दर देखिन्थ्यो खिच्थ्यो आँखै सरासरी

१३. नीलो गगनमा तारा कूँदिएसरी सुन्दर
निलम मणिले गर्दा देखिन्थ्यो भूँई झलझल

१४. तारा सारा सजाएर हाँस्दा चन्द्र त जूनले
चाँदनी लहराए झैं शोभिन्थ्यो मणिचित्रले

१५. भित्ता स्फटिकको सारा झल्किन्थे झलझली गरी
थाम पङ्क्ति मिलेकाथे वैदूर्य मणिले गरी

१६. रंगी, विरंगी हिराले जडेकोथ्यो कि आसनै
ज्यादै स्वच्छ समानैको शय्यामा मोति झल्लरै

१७. छम्-छमि तालले नाची हाँसि-हाँसी रमाउँदै
मुख हेर्दै ती रत्नैमा टहलिन्थे ती अप्सरै

१८. सारा लोक हराएर सम्राटै हुनगैकन
विहारतिर लागेथ्यो पापी उन्मत्त भैकन

१९. देवतादि सबैले त डराएर कहालिंदै
त्यस्कै चरणको गर्थे बन्दना, झुक्दथे सँधै

२०. कालो शरीर भैं उस्को आँखा रातो स्वभावत:
पिएर मदीरा फेरि उन्मत्त हुन गै मत

२१. तपस्याले जिती सारा पाई उन्मत वैभवै
स्तुति गर्थे उसैलाई सिद्ध, गन्धर्व, अप्सरै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२२. ज्यादै कुकर्म गर्नाले लोकमा त्यसलाई ता
देख्नाले खिन्न नै हुन्थे, ऋषि, गन्धर्व, देवता

२३. पहाडी कन्दरा सारा क्रिडायोग्य भूमी भए
प्रत्येक ऋतुमा झार्थे फलफूल त बृक्षले

२४. मर्यादा शास्त्रकै छोडी मनपर्दो गरी सब
इच्छानुसारकै गर्थ्यो भोग त्यो दुष्ट दानव

२५. ज्यादै अन्याय बढ्नाले बरुन नै पनि उग्र भै
गएथे शरणै खोजी भगवान विष्णुमा सबै

२६. विष्णुले देख्नु भै सारा देवताहरूलाई, ती
भन्नु भो है म गर्नेछु दुःखको सब ओखती

२७. दैत्यको दुष्टता जो छ मलाई सब ज्ञान छ
अवश्य तोड्दछु त्यस्को प्रतीक्षा तर गर्नु छ

२८. देवता, गाई वा वेद साधु–सज्जन धर्ममा
ममा नै त्यसले जैले द्वेषको लिन्छ भावना

२९. प्राणै लिन्छु त्यसैकाल सत्य संझेर पर्ख–यो
पुत्रकै कारणैबाट मर्ने त्यो त अवश्य हो

३०. शक्ति त्यस्को जति होवोस् मर्ने त्यो त अवश्य छ
चिन्ता नलेउ भो जाऊ ढुक्क आनन्दमा बस

३१. त्यसपछि सब देवताहरूले
खुसिसित झट्ट प्रणाम गर्न थाले
हटिकन मनको डरै हराई,
खुसिसित फर्किगए कि रंरमाई

भाग २

१. चारवोटा पुत्रमध्येमा तेजिला भक्तझैं हुने
प्रल्हादै गुणमा श्रेष्ठ कान्छो पुत्र कहाउने
. ज्यादै शुशील, धर्मज्ञ, सत्यवादी जितेन्द्रिय
आफूजस्तै अरु ठान्ने एउटैथे तिनी सुत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३. भक्त ब्राह्मणका प्यारा, तारा उज्वल धर्मका
परोपकारी धर्मात्मा बाबु जस्तै गरीबका

४. बिद्या, धन र सौन्दर्य आदिपूर्ण भए पनि
तापनि थिनमा कति अहँकार थिएन नि !

५. विपत्तिमा न तर्सिन्थे, रम्दथे न त सौख्यमै
वराबरै थियो उस्तै हर्दम् आनन्दमा हुंदै

६. असार लोक मानिछ, मिथ्या हो सब भावनै
स्थिर भन्ने कुनै छैन सारा लोक छ अस्थिरै

७. असुरकुलमा किन्तु जन्मिए तापनि उनी
असुरहरूको जस्तो दुष्टता क्यै थिएन नी

८. मन इन्द्रियलाई नै जितेका भक्त बालकै
कामना पनि चित्तैंमा उठ्तै उठ्तैनथ्यो कुनै

९. कहाँ म जन्मिएको छु, जानेछु फेरि है कहाँ ?
सवै संसार हो झुट्टो भन्दै डुब्थ्ये बिचारमा

१०. सपना सरी मानिछ जगत् सारा चराचर,
सुख भन्नु यहाँ छैन लोक हो दुःखको घर

११. कति भोग्नु यहाँ भोग, भोग आफै अनन्त छ
अथवा तृप्तिको होला भोगमा लोक घुम्दछ

१२. कलिला बालकै किन्तु भए तापनि शुद्ध भैं
सारा खेलहरू छोडी डुब्थे यस्तै विचारमै

१३. लोकदेखि डराएर, तर्सदैं, झस्कंदै पनि
अंगालो पाउमा हाले कृष्णको, कृष्णजी भनी

१४. उर्लंदो आँसुको धारा कृष्ण हे ! भनि खस्दथ्यो
आँसुको बिन्दुमा देख्थे रुप त्यो कृष्ण चन्द्रको

१५. जति रुन्थे, उति खिचदथ्यो डुब्थे आनन्दमा तिनी
भन्दथे लोकका स्वामी, आफै आऊ बचाऊ नि

१६. शरीरसंमको वास्ता छोडिदी भक्तिले सँधै
प्यारा लोक मरो ! कृष्ण भन्दै रुन्थे कराउंदै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१७. कृष्णको रुप प्यो संझी बस्दैं एकान्तमा अनि
समाधि गर्थे कृष्णैंको पाऊ संझेर नै तिनी

१८. मनैमा कृष्णको यौटै रुपदेखि अरु नभैं
लट्ठिन्थे ति त, कृष्णैंमा मन तन्मय भैं संधै

१९. कहिले नजिकै देख्थे कृष्णको रुप झल्झली
हाँस्दथे, नाच्दथे फेरी आँसु झारेर वर्वरी

२०. मोहिनी मन्जुलः मूर्ति श्याम, सुन्दर कृष्णको
अगाडि झल्झली देख्दा आफै हुन्थे बिचित्रको

२१. करुणाको कणा सारा देख्ता कमल लोचन
डुवेथे त्यसमै आफू बिर्सन्थे ति रमाउन

२२. विहानी सूर्यको जस्तै तेजिलो रुप कृष्णको
चम्किनाले समीपैमा अहँकार छुटेर गो

२३. म हूँ हैं कृष्णको भक्त पाउको शरणागत
भन्नेसम्म बिचारै त्यो छुटेथ्यो अति निर्भय

२४. सूर्यको साथमा राख्दा सानो तेज हराउँछ
सूर्यको धप्धपी ज्वाला जसरी लहराउंछ

२५. त्यस्तै किसिमले तिन्को अहंकार बिलाउदै
मिलेथ्यो पूर्ण व्रह्मैमा कृष्णको रुप शोभिदैं

२६. व्रह्म साथैं सवै योग, ज्ञान, वैराग्य जो छ नि
एउटै कृष्णको रुप मार्ग किन्तु हजार नि !

२७. नाघाधिनाथ हुन् कृष्ण, उन्को दासानुदास म
व्रह्ममा ती मिलेकाले एउटै रुप शोभन

२८. व्रह्म नै हो सवै ठाउँ उनिएको जतातत‍ैं
व्रह्म आनन्दमा खास रम्दथे तिनि भक्त है

२९. लोकको मत्लवै छाडी हाँस्थे, रुन्थे, कराउँथे
हाँसो, रुवाई, चित्कारै एउटै अर्थ गाउँथे

३१. महर्षिहरूले रोज्ने हर्दम् आनन्ददायक,
अगाडि नै थियो तिन्को रसिलो पाउ ध्यान त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३१. कस्तो कस्तो हुंदा साथ परमान्दको सुन !
हर्दम् मिठासमै डुब्दै रोमान्चै भई सन्सन

३२. हात जोर्दै स्तुति गर्छन ब्रह्मादि जसलाई ता
झुक्दछन् कर नै जोड़ी ऋषि, गन्धर्व, देवता

३३. उनै ईश्वरको खास दयाथ्यो तिनि भक्त मै
त्यसै प्रसन्नथे नाथ भेद केही रहन्न है

३४. चाहिन्छ भक्तिको आँसु कृष्णलाई रिझाउन
भक्तिले कृष्णजी नाच्छन् हृदयासनमा सुन

३५. श्री कृष्णको चरण-पद्म चुमीसकेको
त्यो कर्म बन्धन सबैतिर तोडिएको
तिन्को प्रसन्न, स्थिर आसनलाई सम्म
मिल्दो थियो अति सँजाए बडो ! अचम्म

भाग ३

१. हिरण्यकशिपू आफ्नो काखमा लिई बालकै
रमाउँदै बसेकोथ्यो आनन्दै साथ मस्त भै

२. पुत्रको साथमा बस्दा भाग्यशाली हुने यसै
अझै शोभिन थालेथ्यो धर्मले पाप छोपिंदै

३. बाबुको साथमा आफु बस्न पाए छँदा अनि
प्रह्लाद पनि शोभिन्थे त्यस औसरमा तिनी

४. काखको पुत्रलाई त सोध्न थालेर दानव
यसैगरी त्यहाँ भन्थ्यो "ठान्छौ के तिमि उत्तम"

५. बाबुको प्रश्न आफूमा त्यस्तो किसिमको हुंदा
बोले बालकले मिठो बोलि गर्दै अनि त्यहाँ

६. ममता भनूँ वा मिठो अनुराग त जो छ नि
फैलिएको जगत् भित्र डरलाग्दो हुनेछ नि

७. त्यसैले नै जगत्लाई नचाएर यसो भनी
अहंकार र क्रोधैमा नत्थाएको छ फन्फनी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८. म हुं है शरीरै भन्ने, शरीरै मात्र सम्मको
चेतना भो सबैभित्र आत्माको ज्ञान छुट्न गो

९. त्यसैले धर्मको साथ कर्म नै नष्ट भैकन
पिताजी हेर्नुहोस् सारा जगतै घुम्छ फन्फन

१०. दुःख, आक्रोस त्यागेर हर्दम् आनन्दमा हुन
कृष्णको पाउ पर्नु नै ठान्दछु म त उत्तम

११. कृष्णजीको दयाबाट कर्मबन्धन टुट्दछ
कर्मको पास नाघेर झुट्टो संसार तर्दछ

१२. त्यसैले हेर्नुहोस् भन्छु कृष्णको पाउ पर्नु छ
एउटै ; कृष्ण छन् प्यारा कृष्ण बाहेक को छर ?

१३. सारा संसार यो फेरि, ब्रह्माण्डै जति जो छ नि !
कृष्णनै छन् सबै ठाउँ कृष्णबाहेक को छ नि !

१४. धागोमा उनिएका ती मणिजस्तै जहाँ-तहीं
हृदएश्वर साक्षि छन्, हाँस्दछन् तिनि कृष्णजी

१५. यस्तो किसिमको आफ्नो छोराको त्यो कुरा सुनी
हिरण्यकशिपू हाँस्दै भन्न थालेछ यो अनि

१६. अरुको संगतले गर्दा बुद्धि भैकन भ्रष्ट नै
भन्छन् बालकले यस्तो आफ्नो बुद्धि हुंदैन है

१७. अजानहरूमा के को सोच्ने तागत हुन्छ र ?
अरुकै संगतको हुन्छ फल यस्तो भयंकर

१८. त्यसैले गुरुको जाऊ घरमा बालकै सितै
रेखदेख गरुन् राम्रो बुद्धि आफ्नो पुर्‍याउँदै

१९. मलाई गुरुको लाग्छ पक्षपाती अनेकन
घरभित्र बसेकाछन् विष्णुका भक्त-ब्राह्मण

२०. नपाउन् संगमा बस्नै बुद्धि बिग्रन्छ वेसरी
राम्ररी हेर्नु है भन्ने आज्ञा यो भन्नु है गई

२१. यस्तो किसिमको त्यस्को आज्ञा पाएर नै अनि
प्रह्लादकन ल्याएको गुरुको घरमा अनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२२. पुरोहितहरू सारा देख्नासाथ त बालक
सोध्न थाले अहो ! यस्तो फकाई शान्तिपूर्वक

२३. नढाँटी भन है बाबु ! यस्तो बुद्धि कसोगरी
तिम्रा हृदयमा छायो बुद्धि बिग्रेछ बेसरी

२४. अरु बालकमा हुन्न, हुन्न है कुलनन्दन !
त्यस्तो विचारले गर्दा बिग्रनेछ सँधैं मन

२५. बहकाएर तिमिलाई भनेको कसले भन !
स्वयमेव हरे ! यस्तो गऱ्यौ कि कुलनन्दन

२६. हामी गुरु सबैंलाई सुन्ने इच्छा भईकन
सोधेका हौं तिमीलाई नलुकाई सबै भन !

२७. यस्तो किसिमको आज्ञा गुरुको सुन्न गै अनि
यसरी भन्न थालेको भक्त बालकले त्यहीं

२८. मायाले गरि संसार घुमेको छ कि भ्रष्ट भै
अहंकार सबैमाथि फिंजिएको जता तै

२९. म हूँ बिद्वान वा ज्ञानी मै हूँ ठूलो कहाउने
मेरो बिचार नैं ठुलो म सरी अरु को हुने ?

३०. 'म' मेरो भनि जो भाव भित्रि हृदयमा छ नि !
त्यस्तो बिचारले गर्दा घुमेका प्राणि फन्फनी

३१. यस्तो किसिमको माया फैलाएर सबै जगत्
नचाउने तिनी मायापतिलाई छ दण्डवत्

३२. पुरुषोत्तम ती साक्षात भगवान विष्णुको जहाँ
दया हुन्न, त्यहाँ हुन्छ झुट्टो कल्मष भावना

३३. यस्तो बिचारले गर्दा पशुबुद्धि भई सब
मायाकै भूमरिभित्र जगत् मो फन्फनाउँछ

३४. आत्मा नैं परमात्मा हो जड आफ्नै विचार हो
शुद्ध चैतन्यले हेर्दा ब्रह्म बाहेक छैन त्यो

३५. 'ब्रह्म' भन्ने उनैं हुन् है साक्षात बिमल कृष्णजी
भक्तिकै मार्ग हो ठूलो कृष्णको पाउको अति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३६. 'ब्रह्म' यो काम यस्को यो भन्ने मतलब के छ र ?
कृष्णकै पाउमा पर्दा पार पुग्नेछ सागर

३७. तसर्थ कृष्ण नै हुन् है सारा ब्रह्माण्डका धनी
कृष्णको पाउमा पर्दा के कुराको हुने कमी ?

३८. उनै ईश्वरको खास दया भै गुरुजी अनि
मेरो चित्त उनैमाथि तानिएको सदा अनि

३९. बिरक्त मन यो मेरो रम्ने ठाउँ नभैकन
कृष्णकै पाउमा मेरो रम्न थाल्यो सधैं मन

४०. रमाइलो अति खास जगत यो पूर्ण केन्द्र हो
बिरक्त मन यो किन्तु राखुं मैले कता प्रभो

४१. म जस्तो दुःखिकोलागि यो संसार अनित्य हे !
नित्य हो कृष्णकै पाउ कृष्णकै पाउमा परें

४२. विरक्तहरूका लागि ज्यादै शीतल चाँदनी
चन्द्ररुपी उनै कृष्ण झलमल्ल हुंदा अनि

४३. त्यसैले बुझ्नुहोस् मेरा आश, इच्छा, तमाम ती
शान्तकोलागि उन्को भक्तिरूपी छ ओखती

४४. शान्त मेरा हुँदैनन् है चित्तको अभिलाष जो
कृष्णको पाउ छाडेर जाउँ मैले कता प्रभो !

४५. कृष्णको करुणा पाए चाहिने अरु के छ र ?
जन्मेको सार नै उन्को पाउमा पर्नु निश्चल

४६. सुख, दुःख सबै आईपर्ने संस्कारले न हो
स्वप्नाको सुख संझेर हाँस्ला है कुन मूर्ख त्यो

४७. आत्माको ज्ञान पाएमा दुःख यो छुट्छ है फगत्
किन्तु आत्मा भुली आफैभित्र मात्रै छ यो जगत्

४८. ब्रह्म ज्ञानी यति भन्दै चुप्प लागे त्यहाँ अनि
पुरोहितहरू सारा झोक्किई भन्दथे अनि

४९. यस्तो दुर्वुद्धिले गर्दा कुल नाश हुने छ है
कलंकको हुने टाटो पछि हाम्रो विनास भै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५०. दैत्यको वंशको यो ता काल जस्तै खडा भयो
चन्दन वनको भित्र काँढाको रूख झैं छ यो

५१. विष्णु सायक झैं यस्ले कुल हाम्रो छ विभ्रने
यस्तो विनाश कारीको सँजाय ठीक देखिने

५२. साम, दानहरू मध्ये दण्ड नै शास्त्रमा छ है
पराधीन गुरु सारा भन्दथे यस किसिम् संगै

५३. तसर्थाई बालकैलाई यस्तो तरहले अनि
धर्म, अर्थ त प्राप्तिको विद्या भन्थे गुरु अनि

५४. साम, दान र दण्डैको विद्या पूर्ण गरे पछि
लगेथे बालकैलाई आमाको साथमा पछि

५५. राम्रो पारी नुहाएर गहना पहिराउँदै
आमाले सज्दथिन् उन्को वेष भुषा रमाउँदै

५६. आचार्यले त्यहाँबाट साथमा लिई बालकै
हिरण्यकशिपू छेऊ लगेथ्यो रंरमाउँदै

५७. ढोगी प्रह्लादले आफ्नो बाबुको पाउमा परे
हिरण्यकशिपू मीठो आशिर्वाद दिंदै अडे

५८. हर्षाश्रु उर्लिदै आई आनन्दै छाइ बेसरी
शीर, मष्तक सुँध्दैथ्यो अंकमाल गरी गरी

५९. सोधेथ्यो है पछिबाट यतिका दिनसम्ममा
तिमीले कत्तिको जान्यौ भन लौ पूर्ण त्यो ममा

६०. आज्ञा पाएर बाबुको भक्त प्रह्लादले अनि
पिताजी सुन्नु होस् भन्दै भन्न थाले यसै अनि

६१. पिताजी सुन्नुहोस् सारा अचराचर यो सबै
विष्णुकै रूप हो खालि विष्णु बाहेक छैन है

६२. नौ भेद छ भक्तिको विष्णुको पाद पद्मको
नाथाधिनाथ हुन्, उन्कै सारा ब्रह्माण्ड यो अहो

६३. मनभित्र सँधै संझी विष्णुकै पाद पद्म त्यो
पुकारा गर्दछन् जस्ले सारा संसार नै जित्यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६४. नामरूपी सुधा बन्कै जस्ले पिई रमाउँछ
हर्दम् आनन्द पाएर पाउमै लट्पटाउँछ

६५. सर्वस्य उनमा सुम्पी आशक्त छाडि दि पुरा
कृष्णमै प्रेमले रोए चाहिने अरू के बुबा !

६६. मेरो बिचारमा प्यारो सर्वोत्तम कुरा यिनै
भनी बालकलै भन्दा रिसायो उग्र दानवै

६७. तुरुन्तै रीसले काँपी गुरुको पुत्रलाई त
भनेथ्यो दुर्मती, नीच, पापी होस् तँ त ब्राह्मण

६८. मेरो निरादरै गर्दै अपमानै गरी ठूलो
सिकाइस् बालकैलाई बिद्या यस्तो गरी भलो

६९. अवश्य शत्रुको तैंले ठूलो आश्रयमा परी
मेरो निरादरै गर्दै सिकाइस् यो त बेसरी

७०. धारणा शत्रुको वेष गर्दै बाहिर ठिक्क भै
तँ जस्ता मित्र हास्नेछन् ठूलो विष जमाउँदै

७१. यस्ताको पाप आफै नै रोगको रूपमा पछि
अवश्यै निस्कने छन् है भित्र आफै डसी, डसी

७२. यस्तो किसिमको त्यस्को बोलि सुन्दैं पछि अनि
भनेथे हे महाराज ! सुन्नुहोस् यो कुरा भनी

७३. सिकाएर यिनीलाई भनेको प्रभु होइन
नठान्नुस् दोष हामीमा बुझ्नुहोस् भन्छु राजन

७४. स्वाभाविक छ बुद्धि यो जन्मैदेखि अचम्मको
तसर्थ रीस छाड्नु भै बुझ्नुहोस् यो कुरा प्रभो

७५. गुरुको पुत्रको यस्तो जवाफ सुनिंदा अनि
सोधेथ्यो बालकैलाई दुष्ट दानवले अनि

७६. यस्तो अहित गर्ने यो बुद्धि खोटो हुने सबै
सिकेकोहोस् कहाँबाट बता यथार्थता सबै

७७. आज्ञा पाएर बाबुको खुसि भै झट्ट बालक
भन्नथाले बडो राम्रो बोलिले शान्तिपूर्वक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७८. विषयाशक्तको यस्तो आफ्नो बुद्धि हुँदैन है
संगतले पनि फेरि बुद्धि यो फल्किदैन है

७६. अरूको संगतले गर्दा कृष्णको पाद पद्ममा
लाग्न सक्तैन यो चित्त भन्दछु हे प्रभो ! यहाँ

८०. इन्द्रियै छाडिएकोले वशमा हुन्न राजन
भोगमा लट्पटाएर शुद्ध हुन्न यसै मन

८१. भोगेका भोग विर्सेर भोग्नलाई तयार भैं
घोर कुकर्म गर्नेछन् पर्नेछन् नरकै सबै

८२. विषयाशक्त प्राणीले गुरूबाटै सिके पनि
सक्तैनन् कृष्णको पाऊ भेट्टाउन यसै अनि

८३. किनकि कर्मको जाल भित्र पर्दै कराउँछन्
माया-मोह र पीडामा आफू नै अल्मलाउँछन्

८४. ठूला भगवद् भक्तैको जवसम्म अकिन्चन
दया हुन्न त्यहाँसम्म रोकिंदैन यसै मन

८५. महात्माहरूको पाऊको धूलो अविशेषले
जन्म र्‍यौ मृत्यु नाघेर कृष्णको पाउ भेटिने

८६. छोराको यो कुरा सुन्दा रीसले मकूमकाउँदै
फ्याँकेथ्यो है उचालेर पुत्रलाई भूइँविचै

८७. भनेथ्यो दैत्य ! हो ! सारा मारिहाल यसैकन
मारिने योग्य यो पापी मार झट्टै खुसिसंग

८८. बन्धु-बान्धवको रक्षा गर्दैन जसले सुन !
त्यस्ता पापीहरूलाई मार्नै पर्दछ भन्छु म

८९. विष्णुको भक्तरूपी यो काल हाम्रो खडा भयो
बाबुको स्नेह छाडेर विष्णु भक्त कहाउँदो

९०. दुरात्मा दुष्ट पापी यो छोरा नै त भए पनि
त्यागिने योग्य हो पापी दुस्मनै भैं यसै अनि

९१. भाईको वध गर्ने यो विष्णुकै रूप हो सुन
मलाई मार्नको लागि आएको यो त भन्छु म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९२. अरु के भनु है मैले शरीरैको कुनै पनि
तोड्नु पर्दछ है अंग दुःखदायी भए अनि

९३. यसै छाडिदिंदा यस्ले कुनै बेला पनि अहो
मार्न सक्दछ है भन्छु दुरात्मा बिष्णु भक्त यो

९४. आज्ञा पाएर नै यस्तो सहसा बालकैतिर
डरलाग्दा बढेकाथे मार्नका निम्ति राक्षस

९५. तीखो दाऱ्हा, अनि मुख बिकराल गराउँदै
दैत्य राक्षसका बढ्थे, हातमा त्रिशुलैं लिंदै

९६. "मार काट" भनी फेरि चर्को स्रोर गरी, गरी
प्रहार गर्न थालेथे त्रिशुलैं फेरि वेसरी

९७. के लाग्थ्यो तिनमा हाए! पापिको पाप त्यो अहो
ब्रह्मलिन महात्मा ती पूज्य संसारका अहो

९८. व्यर्थ नै हुन गै सारा प्रहारैं दुष्टको अनि
कृष्णको पाउमा पर्दा कसैको जोर हुन्न नि

९९. करुणामयछन् प्यारा करूणा छर्दछन् उनै
उनैको भरमा अडदा कसैको हुन्न तागतै

१००. त्यसैले व्यर्थ भो सारा उद्योगैं सब दुष्टकै
हिरण्यकशिपू हुन्थ्यो हेर्दैं ज्यादैं शशंकितै

१०१. थालेथ्यो अरू रच्नै त्यो उपाय त्यसका पछि
त्यस्ले केही नलागेर असरै देहमा पसी

१०२. नाना किसिमले रच्दैं उपाय मार्न नितिमा
सावधान भएकोथ्यो पापी दुष्ट जहाँ तहाँ

१०३. कतै विषालु साँपैले जादु टुना अनि कतैं
शम्बरासुरद्वारा नै नाना मायाँ रची कतैं

१०४. गजले कुल्चाउँदा फेरि टाकुरैबाट फाकिंदा
पर्वतैले थिची कैले आगैको बीच राखिंदा

१०५. निराहार गराएर, हिउँमा राखिदा पनि
राक्षसाधमको गिर्थे जुक्ति बिफल नै बनी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१०६. सारा उपाय नै बाँकी नहुंदा चित्तमा कतै
खुवाएथ्यो बिषै फेरि बनेथ्यो त्यो त अमृतै

१०७. नसकी मार्नकोलागि उपाय नहुंका कुनै
बडो चिन्तित देखिन्थ्यो सोचनथाल्यो कुरा यिनै

१०८. अचम्म हुन गो ज्यादै मर्ने पापी भएन यो
मलाई मार्नकोलागि आएकै सरी नै भयो

१०९. निस्सहाय, निशंकै यो पापी कस्तो अचम्मको
यस्को प्रभाव हो कस्तो ? जानिसक्नु भएन त्यो

११०. अद्भुतै खेल जस्तो भो मृत्यु यस्को भएन है
निशंक भावले मेरो साथमा बस्छ यो अझै

१११. मेरो मृत्यु हुंदैहुन्न जेसुकै यो भए पनि
सारा संसारमा किन्तु अमरै छु कि मै पनि

११२. यस्तो विचार गर्दैथ्यो हिरण्यकशिपू जब
मलिन मुख देखिन्थ्यो कान्ति वैलाउँदै सब

११३. शुक्राचार्यका छोरा अमर्क अनि शण्डले
एकान्तमा लगी फेरि यस्तो किसिमले भने

११४. तीन लोक त थर्काई पराजीत गरीकन
मानिएको भनी स्वामी ! हजुरै अरु देखिन

११५. हजुर सरिको किन्तु प्रतापीलाई राजन !
यस्तो चिन्ता लिनु पर्ने अवश्यै छैन कारण

११६. यस्तो बालकको किन्तु कुभलो वा भलोकन
चिताई मनमा व्यर्थै सोच्ने छैन नि ! कारण

११७. किनकि छुट्न सक्नेछ बेला आफै पुगेपछि
व्यर्थै चिन्ता गरी सोच्नु कारणै छैन है बसी

११८. जबसम्म पिता हाम्रा शुक्राचार्य त बुझ्नुहोस्
हुनुहुन्न त्यहाँसम्म वरुणैपास बाँध्नु होस्

११९. डराएर कतै भाग्न नपाओस् यसले प्रभो !
वरुणै पासमा बाँधी राख्नुहोस् भन्दछौं प्रभो !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१२०. पछि सुध्रिन सक्नेछ अवस्थाले गरी सबै
गुरुको भक्तिले जस्तै सुध्रनेछ संधै मनै

१२१. यस्तो कुरा सुनी त्यस्ले ठीक भन्दै अगि सरी
भन्न थाल्यो त्यहाँ आफै दैत्यले फेरि बेसरी

१२२. धर्म गृहस्थ राजाले पालना गर्दछन् जुन !
त्यही धर्म त संम्झाई उपदेश दिनू भन !

१२३. त्यस्को आज्ञा सुनी यस्तो गुरुका पुत्रले पनि
पाठशाला लगेथे है प्रह्लादकन ता अनि

१२४. पाठशाला लगी फेरि धर्म, अर्थ र कामको
सिकाएथे सबै ज्ञान गुरुका पुत्रले अहो !

१२५. प्रह्लादकन ता किन्तु शिक्षा राम्रो भएन यो
भोगमा जकडिएका प्राणीका लागि मात्र हो

१२६. राग, द्वेषादि द्वन्द्वैको विषयै यो हुँदा अनि
प्रह्लादकन ता हाम्रा उपयुक्त भएन नि

१२७. केही दिनपछि आफ्नो घरको काम खातिर
गएथे गुरुजी टाढा विष्णु भक्त थिए तर

१२८. त्यस्तो औसर पाएर आफ्ना साथीहरू सबै
बोलाएर भनेथे है परमार्थ बुझाउँदै

१२९. भोगेर तृप्त नहुने छ अनित्य भोग,
भन्दै सिकाई सब साथिहरू लिएर
श्री विष्णुकै चरण-पद्म चुमीरहेका
हाम्रा थिए गजब बालक शोभिएका

१३०. उर्लेर चित्त खुसिले बहुतै प्रसन्न
झारेर आँसु मन गद्गद् भै अचम्म
बोल्नै पनी नसकि लट्ठ परी तमाम
भन्दा भए प्रभुजि छन् करुणानिधान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१३१. जस्का दुवै चरण पद्म पिएर भाई !
संसार तृप्त नहुने सुन लट्पटाई
आनन्द सागर जहाँ छ कि एकनास
संझेर हेर ! मनमा प्रभुलाई खास

१३२. जो श्यामलो हुन गएर विचित्र राम्रो
तानिन्छ यो सहज मेत्र खिचिन्छ हाम्रो
आँखा दुवै कमलतुल्य छ शोभिएको
त्यो टल्पली नजरमा छ दया रहेको

१३३. हाँसो मुसुक्क मसिनो, कलिलो मुहार
देखिन्छ सुन्दर मनोहर जो अपार
रातो हथेलि प्रभुको अभयाभिराम
हाम्रा उनै प्रभुजि हुन् कि दयानिधान

१३४. संसार यो सुन सखे ! सब नाटकै हो
घुम्दो छ है दिन र रात रहन्न साँचो
आफू भनिन्छ जसलाई छ 'ब्रह्म' खास
त्यो ब्रह्म बाहेक रहन्न नि ! एकनास

१३५. निर्लिप्त छन् प्रभुजि ता तिनि निर्विकारी
छन् है दुवै प्रकृतिका गुणमात्र खालि
नाघेर पार जसलाई त जानलाई
जो हो असम्भव सरी सुन झट्ट भाई !

१३६. राम्रो अहा ! भनि भनी नरहेर होश,
किन्तू पछी जुन हुने परिणामको त
वास्तै नराखि अथवा नसकेर गर्न
हुन्छन् कि बाध्य त्यसभित्र त आफु पर्न

१३७. संसार यो सुन सखे ! सपना सरी हो
जस्मा प्रभुत्व त रहन्छ कि वासनाको
संसार सागर असार भनिन्छ भाई !
संकल्प मात्र दुनियाँ मनको छ हाई !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१३८. जो गर्दछन् प्रभु उनै करूणानिधान
त्यसमा कराउनु रूनु नभएर काम
भाई ! भनौं कि अथवा निजकर्मबाट
पर्नेछ दुःख सुख ती अरू छैन हात

१३९. भोगेर भोग त्यसभित्र त छट्पटाई
के शान्ति हुन्छ र सखे ! मनभित्र हाई !
व्यर्थै हुनेछ यसरि सुन भुल्नु हुन्न !
आशक्तिमा पलक होश पनी रहन्न

१४०. ज्यादै कठीनसित पाई मनुष्य जन्म
चिलेर नेत्र नसकीकन हेर्नसम्म
भाई ! बिताउनु हुँदैन नि जिन्दगी यो
श्री कृष्णकै चरणमा पर झट्ट छिटो

१४१. यो देहको कुन कुरा यो त मर्छहाई !
उफ्रन्छ दुःख बिचमा सुखमा रमाई
'आफू' भनिन्छ जसलाई छ एकनास
त्यैं हो कि पूर्ण घटको सुन 'ब्रह्म' खास

१४२. आफन्त भन्नु कसलाई र शत्रु फेरि
जो भोग पर्छ शिरमा सब हेरि हेरी
संस्कारकै सब बुझीकन कर्म पास
लाग्ने अचम्म वहुतै जगको बिलास

१४३. के को घमण्ड धनवान र बुद्धिमान
अड्ने न भैं धन र बुद्धि दुवै तमाम
गर्नेछ देह पनि यो दिन आउँदा त
मर्दैन खालि सुख चिद्घनको प्रकास

१४४. ढल्दा पनी कति अचम्म अगि समान
उस्तै हुनेछ कि शरीर त शोभमान
उठ्तैन किन्तु त्यसमा अब छैन सत्व
भाई ! अहो ! अमर देह कि आत्म तत्व

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१४५. हाम्रो शरीर उसमा पनि योग्य छैन
बित्नेछ बालक भएर त केही सम्म
वृद्धो भएर नरहीकन शक्ति हाई !
के गर्दछौं सुन सखा ! पछि होश आई

१४६. अन्धो जवानिबिच फेरि रहन्न होश
संसारमै मन रमी हुन गै बिहोश
जानेछ बाँकी अरु रात निदाउँदैमा
छुट्दैन हेर ! मन भित्र त तर्क नाना

१४७. आफू अल्लगिन यसैं घरबारबाट
गाऱ्हो हुनेछ ममता अनुरागसाट
आफ्नी तिनि प्रियतमा सँगको मिठास
के छोड्न सक्दछ यसै मनबाट आश

१४८. त्यो पुत्रको मधुर बालक शब्द जो छ
जो बाट भित्र अनुराग उदाउनेछ
आफन्तको सरस प्रेम र वासनाको
त्यो पुष्प टिप्न त कठीन हुनेछ छिटो

१४९. आफ्नो छ जो कि व्यवसाय त बृत्ति चल्न
जसमा रमाउँछ मनै हुनगै प्रसन्न
तीं कामदारहरूबाट त मान फेरि
सक्दैन छोड्न जसलाइ त उतिनखेरि

१५०. जो स्वादको बश परीकन मुग्ध हुन्छ
कामान्ध भै सुखसितै घरमा रहन्छ
संसारबाट त हुने कसरी बिरक्ति
श्री कृष्णकै चरणमा गर झट्ट भक्ति

१५१. आफन्तकै सुख निमित्त र आफुलाई
खोजेर तुच्छ धनमा मन अल्मलाई
आफ्नो समस्त दिन रात र जिन्दगी नै
जो बित्छ थाह नभईकन स्वप्न जस्तै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१५२. हे ! दैत्यका सुतहरू तिमिले तसर्थ,
श्रीकृष्णकै चरण सेवक बन्नुपर्छ
श्रीकृष्णको चरणमा पर झट्ट जाऊ
रोएर पाऊ खुसिले शिरमा लगाऊ

१५३. श्रीकृष्णछन् अति दयालु दयानिधान
संझेर भित्र मनमा गर लौ ! प्रणाम
यी आसुरी सकल भाव त छाडिदेऊ
संकोच भित्र मनमा कहिल्लै नलेऊ

१५४. ब्रह्माण्डदेखि सुन ! कीट पतंगसम्म
छन् है तिनी प्रभुजि व्याप्त समस्त टम्म
गर्छन् तिनै सकल सृष्टिहरू तमाम
आफू परन्तु नरही त्यसमा अचम्म

१५५. टाढारही प्रकृतिका दुई गुणबाट
आनन्दमग्न तिनि केवल ब्रह्म खास
जस्को स्वरूप कति हो कति हो अचम्म
छोडेर सोच्न अरू ता पर पाउसम्म

१५६. त्यो चाँदनीसरहको हँसिलो सुहार
हाँसेर मन्दस्मितले बहुतै अपार
आँखादुवै कमल फैलिरहे सरीको
त्यो श्यामलो सरस मन्जुल मूर्ति कस्तो ?

१५७. नाथाधिनाथ प्रभुकृष्ण भनेर जानी
रोएर हामी शरणागत भाग्यमानी
के काम हामिहरूका त निमित्तमा त
मोक्षादि वा अरु कुनै सुखका जमात

१५८. संसारमा अरु कुनै नभई सहाय
पाउ पर्‍यौं प्रभुजिकै सुन झट्ट हाए ?
हाँसेर हेर ! करूणागर हामीलाई
भन्दै पुकार्नु करूणाकर कृष्णलाई !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१५९. रोएर मस्त खुसिको सब आँसु झारी
हे नाथ ! हे प्रभु भनी हरदम् पुकारी
सम्झेर हेर ! मनमा प्रभुकृष्ण ल्याऊ!
पाएर वैभव ठुलो दिन यी बिताऊ

१६०. पाऊ परेपछि त हेर जगन्निवास
आफैं समाउनु पऱ्यो खुसिसाथ हात
तिम्रो समाउनु भएपछि कृष्ण ! हात
नाचेर जिन्दगी बिताउनु हर्षसाथ

१६१. यो ज्ञान निर्मल बुझिकन चित्त धोऊ
भित्रि कुभाव मनको सब छाडिदेऊ
नारायणै अगि खुसि हुन गै तमाम
भन्नू भएछ तिनि नारदलाई ज्ञान

१६२. हे दैत्यका सुतहरू सब यी तमर्थ
ज्ञानादिमा पनि त उत्तम ज्ञान पर्छ
संझेर भित्र मनको बिचमा तमाम
श्रीकृष्णकै चरणमा गर लौ ! प्रणाम

१६३. हाम्रा प्रह्लादकन झट्ट अनी त्यहाँ त,
सोध्याभए यसरि साथिहरू जमात
हे पार्थ ! यो सरस ज्ञान कसोगरेर
जान्यौ नि ! भित्रमनमा बहुतै अपार

१६४. हाम्रा दुवै गुरुहरू अरु कोहि छैंन
तिन्का अवश्य पनि ज्ञान त यो हुँदैन
सानैहुंदा पनि त अन्तःपुरै बसेथ्यो
शिक्षा महापुरुषको कसरी सिकेथ्यौ ?

१६५. तस्मात् भएर हृदयैबिच तर्क नाना
शंका उठेर यसरी सुन ! घेरिंदामा
सोध्छौं हे पार्थ ! भन ! झट्ट दयागरेर
आए सुरर्षि तिनि नारद के गरेर ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१६६. यसरि सुनि सुनी ती पार्थका बोलिबाट
हृदयविच त संझी त्यो अघिको कुरा त
खुसि भइकन फेरि हत्पताई तयार
यसरि सुरुगरेथे भन्न एवं प्रकार

भाग ४

१. पिताजि हाम्रा अघि मन्दराचलै
गरूँ तपस्या भनि जानु भै त्यतै
त्यसै बखत्मा सुन देवता सबै
चलाउँथे युद्ध त दैत्य साथमै

२. भएर नै घोर कुकर्म पाप नै
बिनास भै आफु हिरण्यकशिपै
भनेर यस्तै रितले कुरा गरी
रमाउँदै थे सब देवता बढी

३. उता अनी भव्य तयार देवको
भईरहेको सब याद भै अहो !
डराउँदै आतिई शोकसाथमा
ति दैत्य भागे छरिई जहाँ — तहाँ

४. त्यजेर आफ्ना परिवारसम्म ती
मिलेर त्यस्मा अफ्र मार बेसरी
कराउँदै प्राण बचाइ दैत्य ती
हतारकासाथ त भाग्दथे हटी

५. त्यसैबखत्मा तिनि इन्द्रले अनि
कयाधु मेरी जननिकनै पनि
गरेर नै कैद त राजरानिकै
गईरहेथे जब स्वर्गतर्फ है

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६. त्यसैबखत्मा सुन ! मार्गमा त्यतै
सुरर्षि नारायण भक्त नारदै
खडा भई इन्द्रकनै त्यहाँ मुनी
विचित्र यस्तोसित भन्दथे अनि

७. निरापराधै असहायलाई नै
समाति यस्तो गरिलान हुन्न है
सती यिनी साध्वि परस्त्रिलाई त
म भन्छु हे ! इन्द्र त छाड्नु योग्य छ

८. सुनेर यस्तो त सुरर्षिको कुरा
ति भन्दथे इन्द्र त यो भनी पुरा
अवश्य नै गर्व छ है बिचित्रको
प्रभावशाली छ कि वीर्य दैत्यको

९. जहाँ छ द्रोही सब देववंशको
म मार्छु जस्लाई त भन्दछु प्रभो
परन्तु राखीकन केहि काल कि
म छाड्दछू बालक जन्मिएपछि

१०. सुनेर यस्तो सब भाव इन्द्रको
त्यहाँ अनी नारद बोल्दथे अहो !
पराक्रमी भगवद्भक्त गर्भमा
भईरहेको म त भन्दछु यहाँ

११. त्यसैंहुनाले तिनिलाई ता अनि
समर्थ छैनौ तिमि मार्न भन्छु नि
अनन्तको सेवक भक्त भै ठुलो,
यिनी यहाँ छाडिदिए हुने भलो

१२. सुनेर यस्तो रितको कुरा अनि
सभक्तिले फेरि प्रदक्षिणा पनि
गरेर लागे अनि इन्द्र स्वर्गमा
त्यहाँ तिनीलाई त छाडि मार्गमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१३. तिनै कयाधु जननिकनै त्यहाँ
ति नारदैले लागि आफुसाथमा
लगेर आफ्नो सुन ! आश्रमैबिच
बुझाई यस्तोसित भन्दथे सब

१४. नफर्कि तिम्रो पतिदेव हेर है
बसीरहू यो सुन आश्रमैबिचै
सुनेर यस्तो त कुरा सुरर्षिको
कयाधु मेरी जननि त बस्नु भो

१५. गरेर नै चाकरि हर्दमै अनि
खुसी गराईकन नारदै पनि
लिएर इच्छा पति फर्किंएपछि
म जन्मने भाव लिएर नै बसी

१६. त्यहाँ अनी नारदले रमाउँदै
दया गरी भक्ति बिशुद्ध जो छ है
बताउनु भो जननीकनै अहो !
मलाइ भो ज्ञान समस्त ज्ञान त्यो

१७. परन्तु धेरै दिन—काल बित्न गै
मुमा उनीलाइ त याद छैन है
ममाथि कारूण्य भई शुरर्षिको
मलाई ता ज्ञान अझै छ याद त्यो

१८. भनीरहेको जुन यो अपूर्वको
मिठास आनन्द पिएर भक्तिको
गरेर श्रद्धाह सुनेपछि सबै
अथाहको ज्ञान त उर्लनेछ है

१९. तसर्थ हे बालक हो कि कृष्णको
स्वरुप संझे पछि पूर्णमन्त्र भो
शरीरको के सुख दुःख मानियो
त्यहाँ त 'आफू' नभएपछि अहो !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२०. बिनाशकारी रुप हो कि यौवन
परन्तु आत्मा हुन गै अकिन्चन
छ नित्य, क्षेत्रज्ञ बिकारशुन्य त
असंग सम्पूर्ण त पूर्णब्रह्म छ

२१. चिनेर जानेर बुझेपछि पनि
अझै पनी भुल्नु त योग्य हुन्न नि
असत्य शंकल्प भनेर लोक यो
समाऊ पाऊ प्रभु कृष्णचन्द्रको

२२. गरेर आत्मा हरदम् प्रसन्न यो
निरोधले प्राण अडाउँदै अहो
समस्त हे बालक ब्रह्म तानमा
रमाउँदै नाच रहन्न भानमा

२३. मिलेर नैं तत्व त आठले अनि
कहाउने जो त प्रकृति नै छ नि
भएर नै गुण त तीन फेरि पो
जहाँछ फेरि दस इन्द्रियैं अहो !

२४. भएर वेग्लैं मन, शब्दले अहो !
मनुष्यको देह छ सोन्ह तत्वको
परन्तु आत्मा हुन गै अकिन्चन
यिनीहरूको सुन साक्षि भैकन

२५. हजार रत्नै सरि एक डोरिमा
भए पनि डोरि त एक नै त्यहाँ
विभिन्न जस्तै हुन गो कि रत्नमा
यसैगरी ब्रह्म छ व्याप्त लोकमा

२६. अनादिदेखि पछिसम्म संझ है
स्वरुव उस्तै जसको हुनेछ है
न मर्छ वा जन्म लिनेछ त्यो अनि
परन्तु एकैरसमा रहन्छ नि !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२७. समस्त प्राणिहरू चल्दछन् जति
चलाउने शक्ति त ब्रह्मको भई
कहाउने निर्गुण तत्व चिद्धन
त्यही निराला सुन 'ब्रह्म' नै भन

२८. भयो कहाँदेखि त सृष्टि यो अनि
पछि कहाँसम्म रहीरहन्छ नि !
अचम्म मानेर लिला मिठासमै
प्रसन्न भै चित्त रमाउ मुग्ध भैं

२९. त्यजेर आफ्ना अभिलाषसम्म ती
छुटाउँदै आश त लोकको फिकी
लिएर वैराग्य संधै भरी रहू
कराउँदै कृष्ण भनी भजीरहू

३०. भनेर हे श्यामल ! लोक रञ्जन !
रूँदा रूँदै नाथ भनेर हर्दम
बचाउ बिन्ति प्रभुयादवेष लौ !
अजान हामी भन पाउ पर्दछौं

३१. बुझेर नै कृष्ण समस्त प्राणिमा
गरीरहू यत्न गराउने क्षमा
संधैभरी आदरणीय बन्धुमा
झुकीरहू प्रेम रसाउँदै नयाँ

३२. गरीब फेरी असहायमा पनि
दया गरे ! बाबु समानकै बनी
नपर्नु कैले पनि रीसमा सुन !
घमण्डले व्याकुल भै कराउन

३३. जितेर नै क्रोध र मोह, लोभ नि
समत्वकै दृष्टिउघाउँदा अनि
प्रसन्न आफै मनहुन्छ हर्दम
रमाइलो हुन्छ सँधै भनी सुन !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३४. बढेर आफ्नो मन कृष्णचन्द्रमा
अपूर्व भक्ति हुन गै जहाँ-तहाँ
कराउँदै आँसु चुहाई वर्वरी
तिमीहरू मस्त हुने सँधै भरी

३५. पवित्र आफ्नो मन त्यो अनिपछि
अलीकती शान्तहुँदैं अडेपछि
तिमीहरूको सव कर्म काटियो
बिचित्र हाम्रा प्रभु ! कृष्ण भेटियो

३६. स्वभावले नैं अति दुःख जर्जर
असार संसार यहाँ छ के भर ?
त्यसैहुनाले प्रनु पाद पद्ममा
लगाऊ हे चित्त त पार्थ हो यहाँ

३७. अयोग्य आफू व्यवहार मात्रमा
कतै पनी भुल्नुहुँदैंन है यहाँ
भनेर किन्तु धन, लोक, संपती
यिनीहरुहुन् सव नासकै गति

३८. यिनीहरूलाई नचाउने बनी
हुंदैन आनन्द कतै पनी अनि
छुटाउँदै चित्त तसर्थ मोहमा
रमाउँदै कृष्ण भनेर नैं यहाँ

३९. अगाडिको कर्मबिना अलिकती
नचल्न सक्दा सुन ! प्राणीको गति
गराउने कृष्ण भनेर संझ है
उनीबिना के हुनसक्छ भन्छु है

४०. समस्त देवादिहरू पनि यसै
नपर्नसक्दा चरणारबिन्दमैं
रमाइलो नाम लिएर कृष्णकै
भजीरहन्छन् जुन संझ सत्य है

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४१. असूर, गन्धर्व र यक्ष, मानिस
संधैभरी भक्ति त जो कि गर्दछ
अपूर्व आनन्द सखे ! मलाई झैं
तिनीहरूलाई त मिल्न सक्छ है

४२. बिशुद्ध भक्ति बिनु केहि साधना
पनी सखे ! उत्तम हुन्न है यहाँ
तपाइले यज्ञ र ज्ञानले उहाँ,
सकिन्न भेट्टाउन कृष्ण चन्द्रमा

४३. सुनेर रसिलो अहो ! यसरि प्रेम भक्ति मिठो
प्रसन्न मनभित्र त्यो लहर छल्किदै प्रेमको
भएर अरु जन्म झैं नसकि बोल्न सकने कुनै
असार सब लोकको सकल वासना छुट्न गै

भाग ५

१. ज्ञान सुन्नि रसिलो यसरी त,
भित्र गद्‌गद हुंदै अनि पो त
भक्त बालकजिका सब साथी
मस्तथे मन मनै सब नाची

२. संझि संझि उही मोहनलाई
त्यागिदि गुरुजिको त पढाई
कृष्णमै सकल तन्मय जस्तो
देखिए सकल बालक कस्तो

३. उर्लि-उर्लि मन भक्ति बिभोर
कृष्णमै अहह प्रेम भएर
मुग्ध भै हृदय शीतलदाई
कृष्णकै चरण स्नेह त पाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४. देखि चाल यसरि सबको त
त्रस्त भैं गुरुजि हत्पतसाथ
झट्ट गै अनि त दैत्य नरेश
भन्दथे सब कुरा गुरुले त

५. यो सुनी गुरुजिको सब बिन्ति
काम्दथ्यो मन मनै अनगिन्ति
मार्न निश्चय गरि सुतलाई
लाग्दथ्यो त्यो त बडोसित हाई

६. किन्तु बालक भने कर जोडी
नम्रतासित झुकेर प्रह्लादजी
बाबुकैसंग तिनि उभिएथे
योगि बालक तिनि निडरैथे

७. क्रूर, पापि अनि दैत्य कराई
भन्दथ्यो कि यसरिसित हाई
नाघि नाघि सकनै पनि तैंले
आज यो गतिगरिस् किन औंले

८. झोकिंदा म त बुझिस् तिन लोकै
काम्छ थर्थर भएर त जो है
आड पाइ कसको अहिले यो
काम जो सब गरिस् अनि उल्टो

९. बाबुको यसरि बोलि सुनेर
भन्दथे तिनि त बालक हेर !
ब्रह्मदेखि अरू केहि हुँदैन
ब्रह्म हुन् प्रभु तिनी अरू छैन

१०. जो कि लोक अचराचरलाई
व्याप्त भै हृदयबासि कहाई
कर्मकै बशगरिकन फेरि
प्राणचालक हुने तिनि फेरि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

११. शक्ति जान्न जसको सकिँदैन
जो बिना जगत सृष्टि हुंदैन
लोक पालक र लोक बिनासी
कृष्ण नैं सकल प्राणि निवासी

१२. सुन्नुहोस् कि त्यसखातिर मेरो
बात त्यो प्रभुजिकैछ उजेलो
छाड्नु भैं सकल आसुरि भाव
गर्नुहोस् कि समदर्शि स्वभाव

१३. शत्रुको र अनि मित्र त को छ ?
देहकै छ भनिने सब भेद
किन्तु तत्व उहि चिन्मय यौटा
प्राणि भित्र सब एक अनौठा

१४. हेर्नु भैं यसरि दृष्टि दिएमा
शत्रु मित्रु अनि को छ जगत्मा
कृष्णकै चरण पंकजको त
बन्नुपर्छ शरणागत पो त

१५. यो कुरा सुनि अनि रिसले त
भन्दथ्यो कि त निशाचरले त
मर्न खोजि यसरिसित हाई
भन्दछस् तँ त अभागि कराई

१६. जो भनिस् कि अरू ईश्वर तेरो
कीर्ति — गान नगरिकन मेरो
सर्वव्यापि त्यहि इश्वर हाई !
थाम बिच छ कि छंन यहाँ यी

१७. झट्ट फेरि अनि बालकले त
भन्दथे कि यसरिसित यो त
थामबिच पनि ता हुनुहुन्छ
हेर्नुहोस् प्रभुजि देखिनुहुन्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१८. किन्तु देख्न नसकिकन केही
भन्दथ्यो उ त निशाचर फेरि
मार्दछु अब अवश्य तँलाई
रोक्छ त्यो त कसरी अब आई

१९. रिसले खपि नसक्नु भएर
जाग्दथ्यो त्यो त वड़ो सुरिएर
रिस रोक्न नसकी पछिबाट
ओर्लियो कि पछि आसनवाट

२०. हातविच लिई खड्ग तमाम
मुक्कि हानि त्यसकापछि घाम
भाँच्न थाल्यो उ त रीस बडेको
मर्नलाई सहसा कसिएको

२१. भाँच्चियो अनि जसै त्यस थाम
शब्द घोर सुनिएर तमाम
फुट्नथाले सरहै सव लोकै
डग्डगि हुनगयो पृथिवि है

२२. मान्नथाली डर भित्र अचम्म
शब्दमात्र सुनिदा सव टम्म
लोकपाल मनमा यहि ठान्थे
लौन ! भो प्रलय नै भनि मान्थे

२३. दैत्य त्यो सव सिनापतिसाथ
काम्दथ्यो मनमनै डरसाथ
अड्न नै नसकिने ध्वनिलाई
सुन्दथ्यो उ त सभाविच हाई !

२४. सत्य राखिकन ता तिनि व्रह्मै
सत्य खातिर त सेवकजीकै
त्यो अचम्मरूप धारण भारी
देखिए प्रकट कृष्ण मुरारी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२५. सिंह, मानिस दुवै लिईसाथ
रूप भो प्रभु नृसिंहवतार
सिंह झैं छ न त मानिस जस्तो
त्यो प्रचण्डरूप भो कि त कस्तो

२६. देखिए प्रभु जसैं ति समीप
धप्धपी हुन गएर त रूप
भन्दथ्यो कि मनमा यहि पापी
को रहेछ भनि थर्थर काँपी

२७. यो अचम्मरुप मानिस हैन
किन्तु भन्न पशु ता सकिँदैन
को रहेछ बहुतै बिकरालै
भन्दथ्यो कि त निशाचर राजै

२८. सोहि नै समयमा उसको त
सामु देखिनु भयो प्रभुजी त
रुप भो अति भङ्कर उस्तै
देखिए नजर लाल दुरुस्तै

२९. घाँटिका वरिपरि रउँ ठाडा
देखिए बिकट तुल्य त दाऱ्हा
स्वासैको बलपरि रउँ चल्थ्यो
तेजले गरि अहो ! मुख बल्थ्यो

३०. चन्चले स्थिर नभैकन जिब्रो
देखियो कि तलवार सरीको
आँखिभुईं त्यसमा पनि बाङ्गो
देखियो प्रकट रुप अजंङ्गो

३१. कान निश्चल उठिकन माथि
नाक फेरि फुरिँदै त्यसमाथि
देखियो कि मुख फेरि गुफा झैं
फैङ्गिँदो वरिपरि चिहुंडो भैं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३२. बढ्नथालि रूप स्वर्ग छुँदैथ्यो
छाति ता गगन मण्डल जस्तो
घाँटि शंख सरि भैकन सानो
त्यो प्रचण्डरुप भो कि उहाँको

३३. पातलो हुन गएर कटी त्यो
छातिमाथि स्तन चिन्ह दुवै त्यो
चन्द्र, सूर्य सरहै भइ फेरि
अड्न सक्छ नझुकी कुन हेरी ?

३४. चन्द्रज्योति सरहै जिउमा त
टल्किई रउँहरू सब श्वेत
बाहुली पनि थिए कि हजार
शस्त्रतुल्य नङ भो कि तयार

३५. शंख, चक्र र गदा अरु नाना
बज्र, अस्त्रहरू फेरि हुंदामा
गर्दथ्यो कि कुन साहस जान
पाउमा नपरि अड्न तमाम

३६. रुप देखिकन अद्भुत यो त
भाग्दथे सकल दैत्यहरू त
गर्दथ्यो उ पनि दैत्य बिचार
बिष्णुकै छल भनेर हजार

३७. मार्नमिति भनि जो कि मलाई
विष्णुले रुप लिए कि त आई
मार्नलाई कसरी तर सक्ला ?
हूँ अजयै म पनी कुन सक्ला ?

३८. सोचि सोचि यहि नै मनभित्र
सिंहनाद गरि झट्ट विचित्र
हातमा लिइ गदा अनि पापी
दुष्ट राक्षस बढ्यो प्रभुमाथि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३९. तेजभित्र प्रभुको तर हाई !
त्यो कता हुनगएछ हराई
त्यो तमोमय असूर तमाम
भो अदृस्य प्रभुकोबिच जान

४०. त्यो तमोगुण अघि प्रभुबाट
सृष्टिको शुरुहुँदा सब साफ
रूद्ररुप प्रलयाग्नि भएर
पान गर्दिंभु भयो अघि हेर !

४१. त्यो अदृस्य हुनु कारण के भो ?
तेजभित्र परि मुस्किल नै भो
कृष्णसाथ कसको बस हुन्छ,
पाउमै सकल सृष्टि रहन्छ

४२. दैत्यले बल गरेर गदा त्यो
त्यो नृसिंहरुपमाथि उठायो
तागतै कसरि पुग्छ र साथ !
जो कि देवहरूको पनि नाथ !

४३. नाश हुन्छ पलकैबिच सारा
लोक चल्दछ मिलेर इशारा
जो कि आदिम भई पछिसम्म
एउटै रसालिएर अचम्म

४४. हर्ष, शोक जसलाई त छैन
सृष्टि जो कि नभएर हुंदैन
मानिने सकल 'चिन्मय' यौटा
नित्यपूर्ण रसभित्र अनौठा

४५. हातले प्रभुजिले पनि त्यसको
झट्ट पक्रनु भयो कि गदा त्यो
साथ साथ त्यसलाई समाती
नाथ ! शोभिनु भएछ त्यहाँ कि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४६. खेल वाड सरहै गरि फेरि
छाड्नु भो प्रभुजिले पनि हेरी
उम्किएँ भनि त दैत्य करायो
भिड्नलाई प्रभुजिसित आयो

४७. दैत्यसाथ अघि राज्य बुझाई
भिड्नलाई नसकीकन आई
लोकपालहरू वादलमाथि
हेर्दथे सकल युद्ध नथाकी

४८. दैत्यलाई त त्यहाँ प्रभुबाट
छाडियो किन भनिकन हात
चित्त थाम्न नसकी सव साथ
हेर्दथे प्रभुजिलाई त्यहाँ त

४९. केहिवेर उसले पछि हेर !
ढालसाथ तलवार लिएर
भिड्न आई प्रभुलाई उठायो
घोर शब्द गरि दैत्य करायो

५०. आफुमाथि त्यसले त गरेको
हेरी, झट्ट त्यसले भिडिएको
अट्टहाँस गरि घोर प्रचण्डै
नाथ ! गर्जिनु भयो कि त्यहाँ है

५१. अट्टहाँस प्रभुको सुनिंदामा
नेत्रबन्द सरहै हुन जाँदा
देख्नु सुन्नु नभईकन खास
दैत्य ता हुन गएछ विहोस

५२. पक्रि दैत्यकन बाहुलिबाट
नाथ ! शोभिनु भएछ त्यहाँ त
फुस्किनैकन गरीकन जोड
चल्दथ्यो कि त निसाचर घोर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५३. दैत्यलाई लगि द्वार सभाकै
राखि जाँघविच माथि वहाँकै
देखिने बिकटतुल्य नङ्ग्ले
देह चिर्दिनु भएछ वहाँले

५४. रीसले नजर लाल हुँदैथ्यो
हेर्नसम्म सकिएन वहाँको
चाट्नु भै रगतले सनिएको
तेजले गरि मुहार चलेको

५५. दैत्यको मुख दुवै ति कुनामा
चाट्नु भै रगतले मुछिदामा
घाँटि मुख—रउँ लाल भएथ्यो
अद्भुतैसित मुहार खुलेथ्यो

५६. मत्त हात्ति संगमा भिड़िएर
मारि झट्ट जसलाई त हेर !
सिंह झै प्रभुजि देखिनु भो है !
धन्य यो छ महिमा प्रभुको है

५७. हातले मुट्ठु चिरेर लडाई,
फ्याक्नु भो शरीरलाई पछारी
भिड्न फेरि अरू दैत्य हजार
देखिए प्रकट शस्त्र लिएर

५८. ति निशाचरहरू पनि हाई !
मारिए प्रभुजिबाट त हाई
एकलो प्रभुजि दैत्य हजार
भिड्नको प्रभुजि साथ तयार

५९. घाँटिको रउँ बटारिन जाँदा
फ्याक्दथ्यो सकल बादल गाढा
तेजयुक्त दुई लोचनबाट
सूर्य आदि ग्रह भो कि फिका त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६०. स्वासले गरि समुद्र उठेर
चल्दथ्यो अति तुफान वढेर
सिंहनाद हुन गै अति चर्को
होश नै नरहि विश्व त थर्क्यो

६१. घाँटि—केसरसित ठक्कर खाई
स्वर्ग डग्मग भएछ कि हाई !
पाउकै बल परेर अचम्म
भासियो पृथिवी ता तलसम्म

६२. त्यो असंख्य प्रभुको बलसाथ
अड्नलाई नसकेर त्यहाँ त
वृक्ष साथ अनि पर्वतसम्म
भाँचिए, उखलिएर अचम्म

६३. तेजले गरि कुनै पनि फेरि
देख्नसम्म सकिएन नि हेरी
त्यो अहो गगन मण्डलसम्म
छुट्टिएन नि दिसाहरू टम्म

६४. कोहि शत्रु नहुँदा पनि साथ
रीस शान्त नभएर त्यहाँ त
वढ्नथालि अझ घोर प्रचण्ड
थर्कियो भुवन मण्डल टम्म

६५. राज भो प्रभुजि राजसभाको
आसनैविच थियो जुन अग्लो
तेजलो अति भयङ्कर भारी
देखिएछ अनुहार तयारी

६६. साहसै नपुगि पाउ समीप
जानलाई त्यस मौसरमा त
काम्दथे सकल देव डराई
हेर्नसम्म नसकीकन हाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६७. पाषि दुष्ट बलियो प्रभुबाट
मारियो भनि सुनि खुसीसाथ
स्वर्गका सकल देवीहरूको
चित्त गद्गद भएछ सवैको

६८. देवताहरू पनि खुसिसाथ
देखिदा गगन मण्डलमा त
ढोल साथ नगडासित वाजै
मस्त गान खुसियालि गरे है

६९. अप्सराहरू मिलिकन नाची
शब्द मन्द सुनिएर त माथि
घन्न घन्न हुन गै मधुरो त्यो
चारतर्फ खुसियालि हुँदैथ्यो

७०. पाई औसर यही प्रभुलाई
साथ जान नजिकै भनि आई
यक्ष, किन्नर अनि सब देवै
सिद्ध, चारण सबै ऋषि,- इन्द्रै

७१. ती बिरिन्चिसंग शंकर फेरि
विष्णुपार्षदहरू पनि फेरि
पाउकै नजिकमा गइ सारा
गर्दथे सब मिलेर पुकारा

७२. हात जोडिकन झट्ट विरिन्चि
भन्दथे प्रभुजिको यहि विन्ति
पूर्ण ब्रह्म प्रभु आदि अनन्तै
खेल तुल्य प्रभुको सब यो है

७३. सृष्टि गर्नु भई लोक रचेर
गर्नु भै स्थिति पनी अडिएर
गर्नुहुन्छ प्रलयै पछि टम्म
निर्विकार तर आफु अचम्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७४. वीर्य—विक्रम त भन्न सकिन्न
लोक नाथ विनु ता अडिदैन
धन्य यो त महिमा छ अचम्म
पर्दछू चरण पंकजमा म

७५. रुद्रले त्यसपछी प्रभुलाई
भन्दथे कि यहि विन्ति सुनाई
कल्प अन्त बिचमा पछि पो त
क्रोध यो सरह गर्नु ठिकैछ

७६. किन्तु मारि त निशाचरलाई
गर्नु भो प्रभुजिले त भलाई
शान्त पारिकन रीस तमाम
राख्नुहोस् शरण, भक्त अजान

७७. इन्द्रले अनि अगाडि सरेर
भन्दथे प्रभुजिलाई त हेर !
यज्ञ भागहरू दुष्टहरूले
खोस्दथे जुन अगाडि त पैले

७८. आज ति प्रभुजिकै त दयाले
हुन्छ शान्त सब यज्ञ क्रमैले
दैत्यकै वसपरि मन हाई
हुन्नथ्यो स्थिर भयो अब आई

७९. राज्य भोग अनि वैभव जो छ
ब्रह्म ज्ञान बुझ्दिा सब तुच्छ
मुक्तिकै पनि अनादर हुन्छ
भोग के अरु त बाँकि रहन्छ

८०. फेरि झट्ट ऋषिका गण आई
भन्दथे प्रभुजिलाई रमाई
मान्नु हुन्छ तप हामिहरूको
जो अहो परम तेज प्रभूको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८१. यै अहो तप ठुलो बलबाट
गर्नुहुन्छ प्रभु सृष्टि समस्त
दैत्यले अघि हरे ! तपलाई
लुप्त नै गरिदिए छ कि हाई !

८२. भक्तवत्सल सबै अब फेरि
गर्दछौं कि तप नेत्र नहेरी
धन्य हे ! प्रभु त्रिलोचन राम्रो
चित्त रम्छ खुसिले सब हाम्रो

८३. भन्दथे कि अनि पितृ तमाम
दैत्यले सब लगीकन दान
गर्दथ्यो कि उ त भोग रमाई
पिण्डदान त मिलेन नि हाई !

८४. पुत्रले जुन तिलाञ्जलि दिन्थ्यो
दैत्यले सब पिएर रहन्थ्यो
आज ता प्रभुजिकै बलबाट
मारियो कि अब हर्ष छ नाथ !

८५. फेरि भोग सब हामिहरूको
नाथले गरि अहो ! सब फर्क्यो
हे नृसिंह प्रभुकै जयमानी
पर्दछौं चरणकै बिच हामी

८६ सिद्धले त्यसपछी प्रभुलाई
भन्दथे कि खुसिसाथ रमाई
योग सिद्धि जुन हो अणिमादि
दुष्टले सब हरेर तथापि

८७. खिन्न नै गरिदिएर त हाम्रो
नाथ ! यो हृदयभित्र नराम्रो
लाग्दथ्यो प्रभुजिकै महिमाले
फर्कियो सब निशाचर हारे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८८. गर्दछौं त्यस निमित्त तमाम
पाउकै भर गरेर प्रणाम
धन्य हे प्रभुजि धन्य तमाम
यो अचम्म महिमा गुणगान

८९. बिद्याधरै अनि खुसिसित रंरमाई
भन्दैथिए कि प्रभुलाई यहि सुनाई
खोसेर दुष्टहरूले सब नाथ हाम्रो
बिद्या त रोकिदिन गै हुन गैं नराम्रो

९०. नाना उपायसित हासिल जो गरेथ्यौं
रोकीदिंदा सकल पीर गरीरहेथ्यौं
हे देव! देव! भगवान् ! करुणानिधान
गर्छौं सबै प्रभुजिकै पदमा प्रणाम

९१. भन्दा भए त्यसपछि अनि नागसारा
जोडेर अन्जली गरेर यही पुकारा
नानाथरी मणिहरू जुन हो सुरम्य
खोसेर वैभव लुटेर दयानिधान

९२. हाम्रा हरे ! हरि लगिकन नै पियारी
गर्दैथियो अधम दुष्ट त पाप भारी
मारेर आज प्रभुले चिरि छातिसम्म
हाम्रो भयो मन प्रभो ! बहुतै प्रसन्न

९३. आनन्दसाथ रहलान् पतिसाथ आई
प्यारीहरू खुसिभई सुख भोग्नपाई
आनन्द सागर तसर्थ दयानिधान
गर्छौं प्रसन्न मनले पदमा प्रणाम

९४. पाऊ परी मनुहरू खुसिसाथ आई
भन्थे अनी प्रभुजिलाई यही सुनाई
जो धर्म स्थापित भयो सब हामीबाट
हाम्रो शास्त्र नाबिकन दुष्ट बढे छँदा, त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९५. त्यो धर्मको वचन नैं सव धर्मरायो
हाम्रो प्रभो ! हृदय ता अति छट्पटायो
त्यो दुष्ट आज प्रभुकै बल बीर्यबाट
अड्दो भएन यमद्वारा पुगेछ नाथ !

९६. हामीहरू चरणकै अनुरक्त जानी
भन्नुहवस् प्रभुजिले पनि छानि छानी
सेवा गरौं प्रभुजिको अव के छ नाथ !
भन्दा भए सव मनुहरूले त्यहाँ, त

९७. भन्थे प्रजापतिहरू पनि यो अचम्म
हे नाथ ! रोकिन्न गई सव हामिसम्म
गर्नँ नपाइकन सृष्टि त जो प्रजाको
हामी रह्यौं चुप भइकन सत्य साँचो

९८. मारेर दुष्ट खुसिसाथ दया गरेरै
संसारकै हुन गएछ भलाइ सोभै
कस्तो अचम्म महिमा, प्रभुको सहारा
गर्दै थिए कि प्रभुलाइ यही पुकार

९९. गन्धर्वले प्रभुजिलाइ त विन्ति गर्थे
पापी मऱ्यो भनि अहो ! सव दंग पर्थे
हामी पऱ्यौं बश प्रभो अघि दैत्यबाट
हाम्रो रहेन मन शान्त कहीं त्यहाँ व

१००. पर्ने छ मर्न दुनियांविच पापि हाई !
त्यै पापले डढि डढि पछि छट्पटाई
भन्ने प्रत्यक्ष हुन गो कि त आज भाई
कल्याण हुन्छ कसरी त्यस व्यक्तिलाई

१०१. भन्थे अनी सकल चारणले पनी, त
संसार सागर असार भएर नाथ
निर्धक्क साथ दुइ पाउ परे अचम्म
माथि सरासर पुऱ्यो जिति स्वर्गसम्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१०२. त्यो दुष्टलाइ प्रभुले यसरी लढाई
संसार मुग्ध हुन गो वहुतै रमाई
हामी तसर्थ प्रभु—आश्रयमा रहेर
पर्छौं दुवै चरण पंकजमा नुहेर

१०३. हे देव ! देव भनि फेरि त यज्ञ सारा
गर्थे जुटाइ करले यहि नै पुकारा
हामी थियौं प्रभुजिका अघि सेवकै जो
गर्ने भनेर अति सुन्दर कर्म छिटो

१०४. किन्तु हरे यस निशाचरबाट हाई
डोले बन्यौं प्रभुजि पाल्कि लिएर हाई !
यो दुष्ट आज प्रभुबाट मऱ्यो तसर्थ
उद्धार भो, चरणकै भर गर्नु पर्छ

१०५. हामी भनेर अनि किम्पुरुषै तमाम
भन्थे प्रभो ! सकल तुच्छ अहो ! अजान
किन्तु महापुरुष उत्तम श्लोक जो छ
जसबाट हामिहरूमा करुणा भएछ

१०६. वैतालिकै खुसि भएर त्यहाँपछी त
भन्थे अहो ! प्रभुजि धन्य दया रहेछ
जो यज्ञ वा अरु सभा बिचमा रमाई
गाएर गान प्रभुकै सब हामी हाई

१०७. मिल्थ्यो पुजासँग ठुलो जुन त्यो प्रतिष्ठै
त्यो दुष्टबाट जसरी हुन गो कि नष्टै
आफै मरेछ प्रभुको यसरुपबाट
हामीहरू खुसि भयौं सव फेरि नाथ

१०८. आएर नाथ ! भनि फेरि त किन्नरादि
बेगारिमा सकल काम लिंदै लघारी
त्यो दुष्टले जुन गऱ्यो प्रभु दुष्टता त
कल्याण हामिहरूको पनि भो कि नाथ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१०९. भन्दा भए अनि त पार्षद्ले तमाम
त्यो रुप दर्शन मिलेर दयानिधान
कस्तो अलौकिक नृसिंहबतार भारी
भन्दै थिए तिनिहरू पछिबाट फेरि

११०. यो दैत्य ता हजुर सेवक नै थियो जो
पाएर श्राप सनकादिक ब्राह्मणैको
यस्को हरे अनि कठोर गति भएछ
उद्धार जो प्रभुजिले गरिबक्सिएछ

१११. श्रुस्ति गरिकन यस्तो लोक पालै रमाई
झुलि झुलि खुसिहुन्थे भोग साम्राज्य पाई
अलिकति पनि फिन्तु रीस शान्तिभएन
प्रभुकन त अगाडि जान सक्ने भएन

भाग ६
(अन्तिम फाग)

१. बढ्दा बढ्दै नाथको रीसलाई
कस्ले गर्ने शान्त जो सामु आई
तर्सी सारा देवता हाइ—हाई !
ब्रह्मा सम्मै झस्किएथे डराई

२. आफै फेरि शंकरैंजी पनी त
घोरिएको त्रस्त भै सिद्धसाथ
लक्ष्मीलाई शान्त गर्ना निमित्त
भन्दैथे ति देवताका जमात

३. पैले यस्तो रुप कैले उहाँको
आफूलाई थाह सम्मन् नभाका
अैले जाउँ सामुमा के गरूँ म,
भन्दै जाने आँट गर्नु भएन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४. ब्रह्माजिले आफु सामु अगाड़ि
उभिभएका भक्तजिलाई डार्की
बाबु भन्दै भन्नु भो यो तयार
'जाऊ झट्टै रीस यो शान्त पार'

५. तिम्रो बाबुसाथमा झोक्किएको
यस्तो अद्भुतरुप यो हेर कस्तो
झट्टै बाबु पाउमा गै पुकार
डरलाग्दो जो रीस यो शान्त पार

६. आज्ञा पाई झट्ट सामु गएथे
पाऊ पर्दै लम्पसारै परेथे
आफ्नो सामु पाउमा लम्पसार
देखिएका भक्तलाई अपार

७. पग्लि पग्लि नाथ ! कारुण्यधाम
प्यारो गर्दै हात राखी तमाम
गर्नु भो है चित्त तिन्को प्रसन्न
तिन्ले पाए ब्रह्मको मस्त तान

८. अशुभ बाँकी तिनि भक्तजीका
संस्कार मेटिकन गै अनि ता
अथाहको वैभव पाइ—पाई
ती भक्त झुल्थे खुसिले रमाई

९. रोमान्च छाइकन झट्ट फेरि
नर्जदुवै चिनि रहेर फेरि
हर्षाश्रु झारिकन नेत्रबाट
बोल्नै सकेनन् तिनिले त्यहाँ त

१०. हेरेर एकै रसले उहाँको
मुहार त्यो धप्धप शोभिएको
म भक्त मेरा प्रभु हुन भनेर
रहेन तिन्को मनभित्र हेर !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

११. आनन्दकै मस्त मिठास पाई,
डुबेर त्यस्मै बहुतै रमाई
एकाग्र मैं गद्गद हर्षसाथ
भन्दा भएथे यहि नै त्यहाँ त

१२. रहेर जो हरदम् सत्गुणैमा
भएर नै व्याप्त सबै थरीमा
हजूरको मन्जुल मूर्ति जो छ
समस्त ब्रह्माण्ड झुलीरहेछ

१३. ब्रह्माजि साथै अरु देवताको
महर्षि वा सिद्ध मुनीहरूको
पुकारले वा अरु साधना त
जो भेटिने छैन नि जो छ 'नित्य'

१४. असूरजातिविच जन्मिएको
अजान छू बालक हुँ कि साँचो
मेरो पुकारा जुन यो रहन्छ
हरि हजुर्ले पनि सुन्नुहुन्छ ?

१५. नानाथरीको गुणले नुहेको
अष्टाङ्ग योगादि सबै बुझेको
विद्धान, बुद्धि धन मानबाट
सन्तुष्ट कैले पनि हुन्न नाथ !

१६. सबैथरीकी गुणले विहीन
गजेन्द्रले नाथ गऱ्यो प्रसन्न
ती कृष्णजी केवल भक्तिबाट
प्रसन्न हुन्छन् अति हर्षसाथ

१७. सहस्र ती गुणहरू सजाई
भए पनी ब्राह्मण शुद्ध हाई !
के काम भो भक्तिबिना तत्सर्थ
चण्डाल नै श्रेष्ठ हुने ठहर्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१८. समस्त आशा अभिलाष साथ
तीं पाउमै प्राण त अर्पिंदा त
चण्डाल हो तापनि शुद्ध हुन्छ
अपूर्वको दर्शन पाउनेछ

१९. पवित्र पारी कुल, वंशलाई
श्री कृष्णकै ध्यान गरी रमाई
चण्डाल, ऊ रम्दछ पाउमा त
जहाँ सबै सृष्टि अडीरहेछ

२०. बढत्व गर्ने निज बुद्धिलाई
घमण्डले टम्म भएर हाई !
बिद्वान त्यो ब्राह्मण आफुलाई
सक्तैन उद्धार त गर्नलाई

२१. प्रसन्न हर्दम् हुनुहुन्छ जो त
अपारको तागतबाट युक्त
स्वरुप आफै परिपूर्ण जो छ
उस्लाइ इच्छा अनि के रहन्छ ?

२२. प्रसन्न भै गद्गद चित्तबाट
भनेर नै कृष्ण दयालु नाथ
हुनेछ पूजा यसरी जहाँ त
स्वीकार्य जो हुन्छ कि नाथबाट

२३. हुनेछ उस्कै त्यसमा भलाई
प्रसन्न भै चित्त संधै रमाई
समस्त हुन् जीव त कृष्ण अंश
त्योबाट उस्कै उपकार हुन्छ

२४. जसै म लागें प्रभुमा तमाम
भए पनी निच म ता अजान
निशंक भै चित्त गरी प्रसन्न
म हूँ रमेको दिन रात टम्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२५. निर्धक्क भै पाऊ परेपछि त
संम्झीरहेमा दिन रात नाथ !
त्यो क्रुर नै होस् कि त पापि नीच
जिम्मा उनैको हुन गै अनी, त

२६ तुरुन्त शुद्धि हुन गै अधं त्यो
नारायणैको महिमा छ कस्तो
संसारको सागर छालबाट
अवश्य त्यो पार हुनेछ नाथ !

२७. दयानिधे ! नाथ भनेर फेरि
भन्थे खुसिसाथ मुहार हेरी
ब्रह्मादि फेरी सव देवता त
हजूरकै भन्दछु हुन् कि भक्त

२८. यिनीहरूले प्रभु दैत्यले झैं
गर्ने परन्तु नहुंदा त द्वेषै
त्यसैहुनाले प्रभु भक्त हुन यी
हजूर नै मालिक मान्दछन् यी

२९. भुभार हर्दै प्रभुले तमाम
नानालिंदै रुप दयानिधान
लीलाहरू खेल गरी पवित्र
संसार लोभ्याइकनै विचित्र

३०. मलाइ संम्भेर रहू भनेरै
लोभ्याउँदै मुग्ध गराई धेरै
हजूरको जो छ दया अचम्म
ब्रह्माण्ड यो मुग्ध छ भित्रसम्म

३१. जसलाई मार्नाकन रीस आयो
त्यो ता मऱ्यो दुष्ट कता हरायो
त्यसैहुनाले अब रीसलाई
गर्नुहवस् शान्तहुंदै रमाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३२. जसोगरी सर्प र विच्छ आदि
अरुहरू जो पनि दु:खदायी
मरेछँदा छाउँछ जो कि हर्ष
त्यो दुष्ट यस्तै गरि नै भरेछ

३३. हजूरकै सुन्दर मूर्तिलाई
गरेर इच्छा बहुतै रमाई
सबैजना नाथ ! अडीरहेछन्
हजूरलाई यहि बिन्ति गर्छन्

३४. संसारको दु:ख त तर्नलाई
हजूरका भक्तहरू रमाई
हजूरको दर्शन आश गर्छन्
खुलीरहेका दुई पाउ पर्छन्

३५. भयंकरै जो छ कि रुप यो त
रविसरिंका दुइ नेत्र खास
लामो छ जिब्रो तलवार जस्तो
दाऱ्हा रगत्मा मुछिएर कस्तो

३६. ठाडो छ उस्तै विकराल कान
थर्काउने रूपहुंदा महान
लामो छ उस्तै नङ्ग हातमा त
चिरेर छाति रगतै जहाँ छ

३७. भयंकराकार बिशाल छाती
जस्मा खुलेका स्तनचिन्ह आदि
उस्तैछ ठाडो रवँ घाटिमा त
संसार तर्सिन्छ जहाँ अवश्य

३८. परन्तु लागेन डरै मलाई
हजूरको दर्शनले मलाई
दयानिधे ! छु म त त्रस्त हाई
संसारदेखि बहुतै डराई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३९. त्यसैहुनाले दुइ पाउमा त
म खोज्दछु झट्ट तपर्न नाथ !
जहाँ छ प्राणिहरूको सहारा
जो मोक्षरूपी हुन गै निराला

४०. भएर नानातक मृत्यु—जन्म
कती गएँ हूँ कति योनिमा, म
समस्त संझेर त शोकलाई
म त्रस्त छू नाथ ! सँधै डराई

४१. संसार आत्मा घुमि जन्म—जन्म
बितेर गैं नाथ सँधै अचम्म
बताउनुहोस् अहिले तसर्थ
त्यो ज्ञानको प्राप्ति म के ठहर्छें

४२. हे नाथ ! मेरा हृदयाधिवासी
आराध्य पर्मेश्वर भैं प्रकासी
हजूरकै दाश म हूँ प्रसन्न
बताउनुहोस् उपदेश टन्म

४३. ब्रह्माजीबाटैं जुन गाइएको
हजूरकै जो छ कथा पियारो
बताउने छू सबलाई नाथ !
गराउँदै बन्धनबाट मुक्त

४४. संसारको बन्धन मुक्तिलाई
उपाय जो नाथ भनिन्छ हाई
तिनीहरू अस्थीर तुल्य छन् है
स्थायी परन्तु नभएर सोझै

४५. ती बालकैको भनि बाबु—आमा
दवाई रोगिहरूलाई नाना
डुब्दा समुद्रै बिच हुन्छ डुङ्गै
भन्ने कुरा सायक हुन्न जुन् है

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४६. भएर माता र पिता पनी त
ती बालकैलाई हुनेछ कष्ट
दवाई गर्दै पनि रोगी मर्छन्
डुङ्गा सहितै जलभित्र पर्छन्

४७. हजूर नै चिन्मय तत्व यौटा
बचाउने नाथ बडो अनौठा
हजूर बाहेक कुनै पनी यो
रहन्न नीस्थिर त सत्य साँचो

४८. बनेर माया प्रभुकै तमाम
समस्त भो सृष्टि दयानिधान
संसार यो पार त गर्न जो छ
हजूरकै आश्रय चाहिनेछ

४९. असंग्य भै नित्य स्वरुपवान
संधै उज्यालो करुणानिधान
निर्लिप्त एकै रसमा रहेको
त्यो ब्रह्मकै पूर्ण स्वरुप हो यो

५०. तसर्थ तानेर समाइ हात
बचाउनुहोस् भगवन् ! यहाँ त
संसारको मोह र वासनाको
म त्रस्त छु गर्दछु पीर साँचो

५१. रमाउँछन् मानिस स्वर्ग पाई
रमाउनेछैन म ता कराई
एश्वर्य, लक्ष्मी, अनि आयुसाथ
त्यो स्वर्गको ज्ञान छ भन्छु नाथ !

५२. अलीकती बाबु* रिसाउँदामा
खुम्चेर आँखिभूँई बाँङ्गिदामा
म देख्तथें रीस बढीरहन्थ्यो
स्वर्गादि ती वैभव नाश हुन्थ्यो

---

* हिरण्यकशिपु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५३. परन्तु आफै यसरी खडा भै
स्वभावमा उग्रहुँदै कडा भै
ती वीर्यशालि र पराक्रमी जो
पिताजीको प्राण छुटाउनु भो

५४. तसर्थ यी भोगहरू मलाई
रसाउने हुन्न नि हाई हाई
ब्रह्माजीको भोग र कीटसम्म
मलाइ भो भन्दछु चाहिँदैन

५५. एश्वर्य, आयु अनि लक्ष्मी आदि
जो स्थीर मानिन्न यहाँ कदापि
हजूर नै काल भएर फेरि
बिनाश हुन्छन् सव उत्तिखेरी

५६. समस्त हुन भोगहरू अनित्य
मानिन्छ यौटै प्रभु मात्र नित्य
यी भोगका जो परिणाम हुन्छ
जो कष्टदायी हुन गै रहन्छ

५७. तमोगुणी वंश लिएर आई
रजोगुणी भैकन छट्पटाई
कराउँछु नाथ भनी पुकारी
हजूरको दर्शन जो छ भारी

५८. प्रसन्नतासाथ अन्हाउने जो
ब्रह्माजी वा शंकर, लक्ष्मीजीको
हथेलि किन्तु शिरमा परेन
राख्नु भयो जो म त छु प्रसन्न

५९. हजूरलाई कति भेद छैन
सामान्य हुन कि कि त हुन् महान
परन्तु जो अन्तर देखिनेछ
रहन्छ जो निर्भर भक्तिमा त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६०. हजूरको दर्शन यो मलाई
कृपा बडो नारदबाट पाई
मिलीरहेको म त भन्दछु है
सुरर्षिको त्यो त दया हुँदा है

६१. छाडूँ कसोरी अत्र नाथलाई
सौभाग्यले दर्शन गर्न पाई
तसर्थ तानेर मलाई नाथ !
समाउनुहोस् खुसिसाथ हात

६२. संसार नैं नाथ स्वरुप हो यो
हजूरबाहेक कुनै पनीको
त्यो शक्ति, सामर्थ्य कुनैं रहन्न
देवाधिदेवै हजुरैं प्रसन्न

६३. त्यो शेषशय्या बिच योग निन्द्रै
त्यागनुहुंदा नाथ ! अगाडि जो है
त्यो नाभिमा जो कमलै उदायो
ब्रह्माण्डको सृष्टि खड़ा गरायो

६४. ती सुक्ष्मदर्शी त विरिन्चिजीले
अरू कुरा देख्नु भएन पैंले
खोजेर नै कारण उब्जिएको
हजूर विर्सि, जलमा पसेको

६५. खोजेर फेरी शयवर्षसम्म
ब्रह्माजिले सक्नु भएन चिन्न
उन्को शरिरैं बिच व्याप्त जो छ
जो बुझ्नलाई कठिनै भएछ

६६. बसेर कैयौं पछिकालसम्म
हजूरको दर्शन सुक्ष्मसम्म
मिलेछँदा दंगहुँदै रमाई
ब्रह्माजि हुन्थे खुसि हत्पताई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६७ हजूरको त्यो त बिराटरूप
हजार हातै भई उग्र मुख
सहस्त्र अस्त्रैबिच शोभिएको
ब्रह्माजिले देख्नु भएछ स्नानो

६८. हयग्रीवको रूप लिएर आई
मार्नुभयो वेद त दो्ह्रीलाई
मारी बलिया मधु कैटभादि
हजूरको रूप अहो ! अनादि

६९. ब्रह्माजिलाई अनि वेद फेरि
सुम्पीदिनु भो प्रभु उतिनखेरि
हजूर नै मालिक लोकको त
हजूरबाहेक त चल्छ को त ?

७०. यस्तै गरी रूप लिएर नाना
बिपत्तिमा भक्त बचाउँदांमा
त्यो मत्स्य आदि अवतार भो है
हजूरको धन्य भयो लिला है

७१. पछी पनी धर्म बचाउने भै
खडाहुनुहुन्छ हजूर आफै
कलियुगैमा भई गुप्तरूप
कहाउनु हुन्छ कि जो त्रियुग

७२. भईरहेको मन चन्चलै जो
छडाउनू भैकन नाथ मेरो
बचाउनुहोस् करुणानिधान
यी पाउमा गर्दछु है प्रणाम

७३. सुनेर यस्तो रसिलो पुकार
हाँसेर बाबु भनि वार—बार
प्रसन्न छू लौ वर माग आई
भन्नु भएथ्यो तिनि भक्तलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

७४. मेरो यही ! दर्शनले तमाम
तिम्रो सबै पूर्ण हुनेछ जान
सक्तैन जस्ले म रिझाउनै त
अवश्य नै दर्शन दुर्लभै छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लेखकका अन्य प्रकाशित पुस्तकहरू

१) बाबा शोककाव्य (२०३३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu